सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

**सुदूरपश्चिम प्रदेश सरकार**

धनगढी, कैलाली, नेपाल

**मुख्यमन्त्री**



# प्रजातन्त्र दिवसको शुभकामना

राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ को अवसरमा स्वदेश तथा बिदेशमा रहनु भएका सम्पुर्ण नेपाली दिदीबहीनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मुलुकमा प्रजातन्त्र स्थापनाको लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने अमर सहिदहरु प्रतिहार्दिक श्रदाञ्जली अर्पण गर्दछु । साथै प्रजातन्त्रको लागि विभिन्न कालखण्डमा भएको आन्दोलनमा बेपत्ता, घाईते, अपाङ्ग लगायत आन्दोलनको नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान सहित योगदानको स्मरण गर्न चाहान्छु ।

जनताको ऐक्यबद्दताले जस्तोसुकै निरङ्कुशतालाई पनि परास्त गर्न सक्दछ भन्ने यथार्थलाई प्रजातन्त्र दिवसले सदैव स्मरण गराउदछ । जहाँनिया निरङकुश शासन बिरुद्ध जनताको संघर्षले बिजय हासिल गरेको आजको दिन नेपालको राजनितीमा विशिष्ट महत्व राख्दछ ।

आज हामीले हासिल गरेको संघिय लोकतान्त्रिक गणतन्त्रको जग २००७ सालको प्रजातन्त्रको स्थापनाबाट सुरु भएको हो । हाल प्राप्त सबै उपलब्धीका लागि नेपाली जनताले ठुलो त्याग र बलिदान गरेको कुरा सर्वविदितै छ । जनताले आफ्ना प्रतिनिधी मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान जारी गरेका छन । संवैधानिक व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानिय तहका सरकार गठन भई क्रियाशिल रहेको छ । संघियतालाई थप मजबुत बनाउन र प्रजातन्त्रको लाभ जनता समक्ष पुर्याउन तीनै तहको सरकार अझ क्रियाशिल भएर लाग्नु पर्ने अवस्था छ । गाँस, बास, कपास, शिक्षा र स्वास्थ जस्ता जनताका आधारभूत आवश्यकताका अतिरीक्त देशमा विधमान गरिवीको अन्त गरी समृद्ध नेपाल बनाउन सुदूरपश्चिम प्रदेश सरकार प्रतिवद्ध रहेको छ । लोकतन्त्रले ल्याएको यो सुन्दर व्यवस्थालाई जनमैत्री र अझै मजबुत बनाउन सुदूरपश्चिम प्रदेश सरकार दृढ संकल्पका साथ अघि बढीरहेको छ भन्ने कुरा यसै सन्दर्भमा व्यक्त गर्न चाहान्छु ।

वर्तमान शासन व्यवस्थाले दशकौं देखि व्यक्त हुदै आएको शहिदको सपना एंव जनताको आकांक्षालाई मुर्तरुप दिन सक्नुपर्दछ । "आत्मनिर्भर र समुन्त प्रदेश: सम्मानित प्रदेशवासी" को संकल्प लिएर अघि बढी रहेको सुदूरपश्चिम प्रदेश सरकार सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा आर्थिक समुन्तीलाई मुल लक्ष्य बनाएर अघि बढि रहेको स्मरण गराउन चाहान्छु ।

अन्तमा आजको यस ऐतिहासिक दिवसले मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता, स्वाधिनता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्न सबैलाई प्रेरणा मिल्नेछ भन्ने विश्वास सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८१ फागुन ०७ गते बुधबार ।

कमल बहादुर शाह
मुख्यमन्त्री